"बेरोजगारसँग रोजगार, उत्पादनसँग बजार तथा आर्थिक अभावसँग सिवाईसी लघुवित्त"

# सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड
# Cyc Nepal Laghubitta Bittiya Sanstha Ltd.

Pokhara Metropolitan City-08, Nepal, Telephone: 977-061-590894, 590895

Email:info@cycnlbsl.org.np, Web:www.cycnlbsl.org.np

## छैठौ बार्षिक साधारण सभा सम्वन्धि सूचना

**प्रकाशित मिति : २०८१ माघ ०२ गते**

**श्री आदरणीय शेयरधनी महानुभावज्यूहरु,**

यस वित्तीय संस्थाको मिति २०८१/०९/२९ गते हुने भनि वोलाइएको छैठौ बार्षिक साधारण सभा गणपुरक संख्या नपुगी हुन नसकेकोले मिति २०८१/०९/२९ गते वसेको सञ्चालक समितिको १५१ औ वैठकको निर्णयनुसार र कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम साधरणसभा पुनः वोलाउने निर्णय गरे बमोजिम निम्नलिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८१ साल माघ १२ गते शनिबार (तदनुसार जनवरी २५, २०२५)
**समय** : बिहान ११:०० बजे ।
**स्थान** : होटल दिपसागर प्रा.लि., पोखरा महानगरपालिका, ८ न्युरोड नेपाल ।

**२. वार्षिक साधारण सभामा छलफलका विषयहरु**

**(क) सामान्य प्रस्तावहरुः**

१. सञ्चालक समितिका तर्फबाट अध्यक्षज्युले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८०/२०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने सम्वन्धमा।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व २०८१/८२ को वाह्य लेखापरिक्षण कार्य गर्नका लागि संस्थाको लेखापरीक्षण समितिवाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. आर्थिक वर्ष २०८०/०८१ मा भएको सञ्चालक समिति र अन्य उप-समितिको बैठक भत्ता तथा समिति सम्वन्धि अन्य खर्च अनुमोदन सम्वन्धमा ।

**(ख) बिशेष प्रस्तावहरु**

१. संस्थाको ठेगाना परिवर्तन, प्रवन्धपत्र र नियमावलीमा समसामयिक थप/संशोधन गर्ने सम्वन्धमा ।
२. कुनै पनि लघुवित्त वित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमति पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैकमा निवेदन दिने, सम्पति तथा दायित्वको मुल्याङ्कन (Due Diligence Audit) गर्न, परामर्शदाता, मुल्याङ्कनकर्ता ,लेखापरिक्षक नियुक्ती गर्न र निजको पारिश्रमिक निर्धारण गर्न, अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ती गर्ने लगायतका कार्यहरुसंग सम्बन्धीत आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
३. नेपाल राष्ट्र बैक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका अन्य नियमनकारी निकायहरुबाट स्वीकृत लिने, अभिलेख गर्ने, प्रबन्धपत्र नियमावलीमा कुनै बिषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. मिति २०८१/०९/२९ गते वोलाईएको छैठौं वार्षिक साधारण सभा गणपुरक संख्या नपुगि स्थगित भएकोमा छैठौं वार्षिक साधारण सभा प्रयोजनका लागि पुर्व मिति २०८१/०९/०८ गते प्रकाशित सुचना बमोजिम मिति २०८१/०९/१८ गते संस्थाको शेयरधनी दर्ता किताब बन्द (Book Close) गरिसकिएकाले सोही बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेन्ट बैंकिङ लि., टेकु, काठमाण्डौमा रेकर्ड अद्यावधि भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन योग्य हुने व्यहोरा सबैमा जानकारीका लागि सूचित गरिन्छ ।
२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभाव/संस्थाहरूले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ। अन्यथा सभा कक्ष भित्र प्रवेश पाईने छैन। हाजिरी पुस्तिका बिहान १० बजे देखि सभा चालु रहुन्जेल सम्म खुल्ला रहनेछ।
३. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले संस्थाको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ। प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा महानगरपालिका वडा नं. ८, सभागृहचोकमा दर्ता गराईसक्नुपर्ने छ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति वित्तीय संस्थाको शेयरधनी हुनुपर्नेछ ।
४. नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरूको तर्फबाट संस्थाको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको महानुभावहरूले सभामा भाग लिन र मतदान गर्न पाउनुहुनेछ ।
५. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनुहुनेछ ।
६. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैले भाग लिन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ३६ घण्टा अगावै सोको सूचना संस्थाको केन्द्रीय कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन। तर सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः बदर हुनेछ।
७. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुने छ तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफुले पहिले दिएको प्रतिनिधि बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउने छ। यस्तो अवस्थामा अघि दिएको प्रतिनिधि स्वतः बदर गरेको मानिनेछ।
८. छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ४८ घण्टा अगावै सो विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुहुन अनुरोध छ।
९. सम्पूर्ण शेयरधनी महानुभावहरूलाई शेयरधनी लगतमा कायम रहेको निजहरूको ठेगानामा साधारण सभाको सूचना र संस्थाको वार्षिक संक्षिप्त आर्थिक विवरण पठाइने व्यवस्था गरिएको छ। ठेगाना पूरा नभएका तथा उक्त कागजात प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरूले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन निरीक्षण गर्न यस संस्थाको कुनै पनि शाखा कार्यालयहरुमा सम्पर्क गर्न सक्नुहुनेछ। साथै, उपरोक्त उल्लेखित विवरण/प्रतिवेदनहरू यस संस्थाको वेवसाइट www.cycnlbsl.org.np मा समेत upload गरिएको छ।
१०. अन्य जानकारीको लागि संस्थाको केन्द्रीय कार्यालय, पोखरा महानगरपालिका-०८, कास्की, वा संस्थाको वेभसाईट www.cycnlbsl.org.np मा वा कम्पनी सचिव (९८५७६४६५००) लाई सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।